| रामारोशन गाउँकार्यपालिकाको मिति २०८३।०२।१२ को वैठकले गरेका निर्णयहरु | |
|---|---|
| **प्रस्ताव** | **निर्णयको संक्षिप्त व्यहोरा** |
| **आर्थिक वर्ष २०८३।८४ को नीति तथा कार्यक्रम सम्बन्धमा।** | रामारोशन गाउँपालिकाको आर्थिक वर्ष २०८३।८४ को निति तथा कार्यक्रम गाउँसभाको वैठकमा पेस गर्नका लागी पारित गर्ने। |
| **रामारोशन स्काई रन सम्बन्धमा।** | रामारोशन पर्यटकीय क्षेत्रको विश्वव्यापी प्रचार-प्रसारका लागि नेपाल एडभेन्चर रनिङ महासंघले आयोजना गर्ने 'रामारोशन स्काई रन' कार्यक्रमलाई प्रत्येक वर्ष आयोजना गर्न पहल गर्ने र चालु वर्षको आवास, खाद्यान्न तथा यातायात व्यवस्थापनका लागि यस कार्यालयको तर्फबाट रु. ४,००,०००।- (चार लाख रुपैयाँ मात्र) साझेदारी गर्ने। |
| **यशोदा माध्यमिक विद्यालयका विषयमा प्राप्त उजुरीको सम्बन्धमा।** | **श्री यशोदा मावि, रामारोशन-५ को विद्यालय व्यवस्थापन समिति गठन, दिवाखाजा अनियमितता, नियमविपरीत शुल्क असुली तथा शिक्षक भर्नालगायतका विषयमा प्राप्त उजुरी र गाउँपालिकाको निर्देशन अवज्ञा गरिएको सम्बन्धमा छलफल गरियो। यस विषयमा सत्यतथ्य पत्ता लगाउन गाउँपालिकाका शिक्षा शाखा प्रमुख श्री जगत बहादुर रावलको संयोजकत्वमा ३ सदस्यीय छानविन समिति गठन गरी १५ दिनभित्र प्रतिवेदन पेस गर्ने निर्णय गरियो। छानविन प्रतिवेदन कार्यपालिकामा पेस भई निर्णय नहुँदासम्मका लागि आरोपित प्रअ श्री नेत्र बहादुर साउँदलाई प्रअको जिम्मेवारीबाट हटाइ विद्यालयको निमित्त प्रअको जिम्मेवारी मावि शिक्षक श्री रतन बहादुर भण्डारी (अनुपस्थित भएमा मावि तहकै वरिष्ठतम शिक्षक) लाई दिने साथै, अंग्रेजी माध्यमका नाममा अभिभावकबाट अतिरिक्त शुल्क असुल गर्ने विद्यालयहरूलाई पत्राचार गरी रोक्ने र निरन्तर अनुगमन गर्ने।** |
| **सामुदायिक अध्ययन/सिकाई केन्द्र चाफामाण्डौ सम्बन्धमा।** | रामारोशन गाउँपालिका वडा नं २ स्थित सामुदायिक अध्ययन/सिकाई केन्द्र चाफामाण्डौको सहजकर्ता विगत लामो समय देखि अनुपस्थित रहेकोले उक्त सिकाई केन्द्रमा नियमानुसार सहजकर्ता नियुक्तिको प्रकृया अगाडी बढाउने। |
| **विविध।** | १. रामारोशन गाउँपालिका अन्तरगतका विद्यालयहरुबाट २०८२ सालको SEE मा उत्कृष्ट नतिजा ल्याउने विद्यालय, विद्यार्थी र अविभावकलाई पुरस्कृत गर्ने कार्य भएकोमा उक्त रकम रामारोशन गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को स्विकृत बजेट अन्तरगत तपसिलका शिर्षकमा विनियोजित रकमबाट भुक्तानी दिनेः<br>क) कक्षा ५ को परिक्षामा प्रथम, दित्तिय र तृत्तिय स्थान हासिल गर्ने विद्यालय प्रोत्साहन<br>ख) कक्षा ५ र ८ को परिक्षामा सबैभन्दा बढी विद्यार्थी उत्तिर्ण हुने विद्यालयका प्रधानाध्यापक पुरस्कृत कार्यक्रम<br>२. श्री विन्देश्वरी माध्यमिक विद्यालयमा पालिकास्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजना भएकोमा उक्त आयोजना रु ४ लाख ५० हजारमा सम्पन्न गर्ने निर्णय भएकोमा थप रकम भुक्तानी नदिने र उक्त ४ लाख ५० हजार रकम भुक्तानी दिने।<br>३. रामारोशन गाउँपालिका वडा नं ६ मा बिएसएन स्मृति युवा क्लव र वडा नं |

| | |
|---|---|
| | ७ मा कालिका युवा क्लवले गाउँपालिकाको सहमतीमा संचालन गरेका भलिवल खेलकुद प्रतियोगिता वापतको रु १/१ लाख रकम कार्यक्रम खर्च वा अन्य कार्यक्रम खर्च वा अन्य कुनै उपयुक्त शिर्षकबाट भुक्तानी दिने । |